# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

**छपाई सम्बन्धि ७ (सात) दिने दरभाउपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित मिति : २०७७।०९।१८ गते।

यस मिथिला नगरपालिकाको नगर सभाबाट आ.ब. २०७७/०७८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम शिर्षक नं. १७१ मा यस नगरपालिका अन्तर्गत रहेका २८ ओटै सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षा प्रयोजनार्थ परीषा सञ्चालन बापत कक्ष (०-१०) र वार्षिक परीषा (०-७,९ कक्षा) सञ्चालन गर्नका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापनको स्वीकृत बजेटबाट खर्च हुने गरी खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि खरिद कार्य गरी उपलब्ध गराउनको लागि रितपूर्वक बोलपत्र आवहान गरिएको छ।

**शर्तहरु :**

१. दरभाउपत्र फारम खरिद गर्न इच्छुक व्यवसायी/फर्महरुले नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण-पत्र, स्थायी लेखा नं. एव आयकर तथा मू.अ.क. दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७६/०७७ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपीको साथै सिलबन्दी दरभाउपत्र खरिदको लागि निवेदन पेश गरी राजस्व उप शाखामा रु १०००/- (अक्षरेपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने तिरी खरिद गर्नु पर्नेछ। दरभाउपत्र पेश गर्दा नगदी रसिद र निवेदन समेत पेश गर्नु पर्नेछ।

२. प्रश्नपत्र, मुल कापी (डिलक्स) ४ पाने, थप कपी २ पाने र खाम छपाईको स्पेशिफिकेशन दरभाउपत्र फारमसँगै उपलब्ध गराइनेछ।

३. दरभाउपत्र सम्बन्धी कागजात दाखिला गर्दा दरभाउपत्र फारममा उल्लेख भए बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र फारम तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने दरभाउ पत्र स्वीकृत गरिने छैन।

५. दरभाउपत्र फारम भर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। साथै केरमेट भएको ठाउँमा सहीछाप हुनु पर्नेछ।

६. दरभाउपत्रको जमानत रकम माछापुच्छ्रे बैंक ढल्केवर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १००१५२४७९५८७१०७८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनु पर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिनसम्म म्याद भएको बैंक जमानत (Bid Bond) समावेश भएको हुनु पर्नेछ। अन्यथा दरभाउपत्र अयोग्य मानिनेछ।

७. दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र फारमा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा भरी सहीछाप गरी पेश गर्नु पर्नेछ। दरभाउपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्नेछ।

८. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र फारम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. दरभाउपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन) समेत र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन) समेत बमोजिम हुनेछ।

Keshav
०७७/०९/१८
प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा

१०. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहीछाप नभएको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन् ।

११. आफूले खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन (सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको दिउँसो ३ बजे यस कार्यालयमा खोलिने छ ।

१२. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

१३. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा कार्यालय समयभित्र कार्यालयको सम्पर्क नं. ९८५४६०१११ वा www.mithilamun.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

१४. सिलबन्दी दरभाउपत्र फारम खरिद, दर्ता गर्ने समय र अन्य विवरण तपसिल अनुसार रहेको छ ।

| दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खुल्ने मिति र समय |
|---|---|---|
| २०७७/९/२४ गते कार्यालय समय भित्र । | २०७७/९/२६ गते दिउँसो १२ बजे भित्र । | २०७७/९/२६ गते दिउँसो ३ बजे पछि । |

| क.स. | ठेक्का नं. | खरिद गर्नुपर्ने कामको विवरण | लागत अनुमान रु (भ्याट सहित) | जमानत वापतको रकम रु | दरभाउपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा ०१ /०७७ /०७८ | प्रश्नपत्र, मुल कापी (डिलक्स) ४ पाने, थप कापी २ पाने र खाम छपाई | ४,०५,०७४।१५ /- | ८,१०२/- | १०००/- | दरभाउपत्र |

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

मा. IT अ-शाखा website मा upload गर्नु